सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ०३ मिति : २०७८/०८/२७

भाग-१

**सियारी गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

## सियारी गाउँपालिकाको स्थानीय तहको कर्मचारी व्यवस्थापन ऐन, २०७८

**प्रस्तावनाः**

साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन, तह मिलान र वढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोवल उच्च गराउन कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम सियारी गाउँसभाले यो ऐन वनाई लागु गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः सियारी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन, २०७८।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) “कर्मचारी“ भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, गाउँपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई यो ऐन जारी हुँदाको

वखतसम्म सियारी  गाउँपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) "समायोजन ऐन" भन्नाले संघीय सरकारबाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "गाउँ सभा" भन्नाले सियारी  गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले सियारी  गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सियारी  गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले सियारी  गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) "न्युनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(ज) "कर्मचारी व्यवस्थापन" भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन, द्दण्ठद्ध को दफा डछ बमोजिम स्थानीय तह सियारी  गाउँपालिकामा स्वतः समायोजन भै तह मिलान नभएका स्थायी कर्मचारीहरुलाई दफा ४ बमोजिम हुने तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

## ३. संगठन संरचना तथा कर्मचारी दरवन्दीः

१. यस ऐन बमोजिम हुने स्तर वृद्धि / तह वृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनाको अध्ययन भै गाउँ सभाले स्वीकृत नगरेसम्म स्वतः पुल दरवन्दीमा कायम रहनेछन ।

## ४. समायोजन  तह मिलान सम्वन्धी व्यवस्थाः

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भएका साविकका स्थानीय निकायका कर्मचारीहरुको लागि मात्र देहाय बमोजिम समायोजन / तह मिलान / ग्रेड वृद्धि गर्ने र यसरी तह मिलान / ग्रेड वृद्धिबाट थप हुने दायित्व गाउँपालिकाबाट व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कन समेतका आधारमा सेवा समुहसंग मिल्दो पदमा तह मिलान / स्तरवृद्धि गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको स्तरवृद्धि / तह वृद्धि / ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(४) यो ऐन जारी भएको मिति सम्म स्थायी सेवा अवधि ५ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको तहवृद्धि / स्तरवृद्धि / ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

| **सि. नं.** | **साविकको तह** | **हाल समायोजन तह मिलान/ स्तरवृद्धि हुने तह** | **थप ग्रेड** | **आवश्यक न्युनतम शैक्षिक योग्यता** |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन | श्रेणी विहिन | २ | |
| २ | सहायक स्तर तेस्रो | सहायक स्तर चौथो | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण |
| ३ | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह |
| ४ | सहायक स्तर पाँचौ | अधिकृत स्तर छैठौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह |
| ५ | अधिकृत स्तर छैठौ | अधिकृत स्तर सातौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |

**५. समायोजन तह मिलान / स्तरवृद्धि पत्र दिनेः**

(१) यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात स्थानीय तहका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान भएको पत्र ७ दिन भित्र पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची -१ बमोजिम हुनेछ ।

**६. तह मिलान गरिनेः** यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात गाउँपालिकाले संगठन संरचना र दरवन्दी पुनरावलोकन गरी गाउँ सभाबाट संगठन संरचना स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधि सम्म तह मिलान भएका कर्मचारीहरुलाई स्वतः पुल दरवन्दीमा कायम गरिनेछ ।

**७. समायोजन तह मिलान भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम समायोजन तह मिलान भएका स्थानीय तहका कर्मचारीहरुको तलव तथा अन्य सुविधा कानून बमोजिम हुनेछ ।

**८. जेष्ठता गणनाः**(१) समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता समायोजन तह मिलान भएको मितिदेखि गणना गरिनेछ ।

९. **सुविधा सम्वन्धीः** तह मिलान गर्दा साविकमा खाई पाई आएको तलव र हालको तहमा मिलान हुदाको तलव वरावर भएमा एक ग्रेड थप गरिने छ र हालको तह मिलान भए पछि तलव वढि भएमा जति वढि हुन आउछ सो रकम थप गरी एक ग्रेड थप हुनेछ ।

१०. **खारेजी र वचाउः** यो ऐन संविधान, संघीय कानून र प्रदेश कानून सँग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची १
**दफा ४ को उपदफा (२) सँग सम्वन्धित**

**समायोजन तह मिलानपत्र**

पत्र सख्या :

चलानी नं.

मिति.................... श्री ................... .........................

**विषयः समायोजन तह मिलान गरिएको सम्वन्धमा ।**

सियारी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ बमोजिम मिति.................................. देखि जेष्ठता लागु हुने गरी तपाईलाई गाउँपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन तह मिलान गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारिता पूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । समायोजन तह मिलान हुनु भएकोमा बधाई छ ।

| **साविकको विवरण** | **समायोजन तह मिलान पछिको** विवरण |
|---|---|
| पद : | पदः |
| तह : | तहः |
| सेवाः | सेवा |
| समुह : | समुहः |

................................. **प्रमुख**

**प्रशासकीय अधिकृत वोधार्थः**

श्री संघीय मामिलातथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालय, लुम्बिनीप्रदेश, बुटवल ।

श्री प्रदेशलोकसेवाआयोग, बुटवल ।

श्री कर्मचारी संचय कोष, ठमेल ।

श्री नागरिक लगानीकोष, नयाँबानेश्वर ।

श्री आर्थिक प्रशासनशाखा, सियारी गाउँपालिका ।

आज्ञाले

**मिन प्रसाद भट्टराई** प्रमुख

प्रशासकीय अधिकृत